## सञ्चार माध्यममा प्रकाशित

# बालबालिका सम्बन्धी विभिन्न घटनाहरूको चौमासिक विश्लेषण

**मंसिर - फागुन २०७४**


नेपाल सरकार

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, ललितपुर

फोन नं.:- ०१-५०१००४५/४६

ईमेलः-crmccwb@gmail.com | वेभ साईटः- www.ccwb.gov.np

ईपोर्टलः- www.childrights.gov.np

# पृष्ठभूमि

बालबालिकालाई हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव, अपहरण, उपेक्षा र बेवास्ता तथा अन्य हानिकारक अभ्यासबाट संरक्षण गर्नु सबैको दायित्व हो। बालबालिकाको हक, हित अधिकारका लागि विभिन्न संवैधानिक व्यवस्थादेखि कानूनी व्यवस्था एवम् कतिपय कार्यक्रमहरु संचालनमा रहेको भएता पनि बालबालिका विरुद्धका थुप्रै घटनाहरु समाजमा घटीरहेका छन् । दुर्व्यवहार जोकसैबाट जहाँपनि हुनसक्ने भएकाले यस बारेमा बालबालिकादेखि अभिभावकसम्म सबै सर्तक र सजग रहन आवश्यक छ । सूचना प्रविधिको विकास क्रम तथा बालअधिकारप्रति विभिन्न सरोकारवालाहरुको बहस र पैरवीका कारण पछिल्लो अवधिमा बालअधिकार हननूका घटनाहरु प्रति आम मानिसमा संवेदनशिलता बढ्दै गएको छ । तर हाम्रो समाजमा व्याप्त सामाजिक विभेदका कारण कतिपय घटनाहरु बाहिर आउन नसकिरहेका हुन सक्दछन्। यद्यपि केन्द्रीय बालकल्याण समितिले हरेक चौमासिकमा सञ्चार माध्यमबाट प्रकाशमा आएका खासगरी बालसंरक्षणसंग सम्बन्धित घटनाहरुलाई समेटेर जानकारी पत्र तयार गर्ने गरेको छ।


२०७४ साल मंसिरदेखि फागुनसम्म आमसञ्चार माध्यममा प्रकाशमा आएका बालअधिकार हननूका घटनाहरुलाई विश्लेषण गर्दा बालविवाह, बालयौन दुर्व्यवहार, बालबालिकाको ओसारपसार, कुपोषण, गर्भपतन, बालबालिकामाथि हुने शारीरिक तथा मानसिक सजाय र अपहरण तथा हत्याका घटनाहरु बढी मात्रामा भएको पाइएको छ । यस विश्लेषणले समाजमा बालबालिका विरुद्ध हुने गरेका घटनाहरुको अवस्था दर्शाउनुका साथै बालसंरक्षणसम्बन्धी प्राथमिकता निर्धारणमा सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ।

**घटना संख्या र बालबालिकाः**

विभिन्न पत्रपत्रिका, अनलाईन लगायतका सञ्चारमाध्यममा २०७४ मंसिरदेखि फागुन महिनासम्मको अवधिमा बालबालिका विरुद्ध भएका १ सय ८१ वटा घटनालाई विश्लेषण गरिएको छ। जसमा ४ सय ३ जना बालबालिका प्रत्यक्षरुपमा प्रभावित भएको देखिन्छ। महिनाको आधारमा उक्त घटनासंख्यालाई निम्न अनुसार वर्गीकरण गरिएको छः

| महिना | घटना संख्या | प्रभावित बालबालिका | | | |
|---|---|---|---|---|---|
| | | बालक | बालिका | शिशु | जम्मा |
| मंसिर | १५ | १३ | २६ | ० | ३९ |
| पुस | ४८ | ४७ | ५५ | ६ | १०८ |
| माघ | ५२ | २६ | ५९ | ५ | ९० |
| फागुन | ६६ | ८६ | ७४ | ६ | १६६ |
| | **१८१** | **१७२** | **२१४** | **१७** | **४०३** |


प्रभावित बालबालिकालाई लैङ्गिकरुपमा विश्लेषण गर्दा सबैभन्दा बढी २ सय १४ जना बालिका पिडीत भएको पाइएको छ भने १ सय ७२ जना बालक र १७ जना शिशु समेत बालअधिकार उल्लंघनका घटनाबाट प्रभावित भएको पाइएको छ ।




आ.व. २०७४/०७५ को प्रथम चार महिनाको अवधि (साउनदेखि कार्तिक) मा २ सय ११ जना बालबालिका विभिन्न हिंसा तथा शोषणबाट प्रभावित भएकोमा यस अवधि (मंसिरदेखि फागुन) मा ४ सय ३ जना बालबालिका प्रत्यक्षरुपमा प्रभावित भएको देखिन्छ । यसले बालबालिका विरुद्ध भएका घटनाहरुको संख्यामा बृद्धि हुँदै गइरहेको देखिन्छ ।


**(क) बालश्रमः**

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनै पनि स्वरुपमा श्रमिकका रुपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ । बालश्रम समाजको एक दुःखद् यथार्थता भएता पनि २०७४ मंसिरदेखि २०७४ फागुनसम्म बालश्रमसम्बन्धी १४० वटा घटनाहरु मात्र प्रकाशमा आएका छन् । यस चार महिनाको अवधिमा सबैभन्दा बढी फागुनमा ९६, पुसमा ३० र माघमा १४ जना बालबालिकालाई बालश्रममा प्रयोग गरिएको देखिएको छ ।




बालबालिकालाई श्रममा प्रयोग गरिएको प्रकृतिलाई हेर्दा घरेलु तथा होटलमा श्रमिकको रुपमा सबैभन्दा बढी ४३ प्रतिशत (६० जना) रहेको छ भने ईट्टा उद्योगमा २६ प्रतिशत (३६ जना) र पढाई खर्च जुटाउन ३१ प्रतिशत (४४ जना) बालबालिका रहेका छन् ।

उल्लेखित बालबालिका अन्तर्गत बाजुराबाट ५५ जना बालबालिकालाई पढाई दिन्छु भन्दै काठमाडौं लगायतका अन्य शहरहरुमा घरेलु बालश्रमिकको रुपमा प्रयोग गरिएको विवरण प्राप्त भएको छ । जिल्ला बालकल्याण समिति बाँकेको समन्वयमा जिल्लाका ईट्टाँ उद्योगहरुमा गरिएको अनुगमनबाट २० जना (१६ बालक, ४ बालिका) बालबालिकालाई उद्धार गरिएको छ । पढाई खर्च जुटाउने काममा लागेका बालबालिकाको विवरणलाई विश्लेषण गर्दा सल्यानमा बालुवा सङ्कलनमा २४ जना (१६ बालक र ८ बालिका), मकवानपुरमा ८ जना बालबालिका राजमार्गमा लालिगुराँस बेच्दै, गोरखामा ६ जना बालबालिका भरियाका रुपमा रहेको पाईयो भने अन्य ६ जना खोटो सङ्कलन कार्यमा संलग्न भएको देखिन्छ । बालश्रमिकको



रुपमा प्रयोग गरिएका बालबालिकामा बालक ५६ प्रतिशत (७९जना) र बालिका ४४ प्रतिशत (६१ जना) रहेका छन् ।

उमेर समूहका आधारमा १० वर्ष वा सो भन्दामुनीको ११ जना, ११ देखि १४ वर्षको ४४ जना र १५ देखि १८ वर्षको ८५ जना रहेका छन् ।

आ.व. २०७४/०७५ को प्रथम चार महिनाको अवधि (साउनदेखि कार्तिक) मा १३ वटा बालश्रमसम्बन्धी घटना भएकोमा यस अवधि (मंसिरदेखि फागुन) मा १४० वटा बालश्रमका घटना प्रकाशमा आएका छन् । यसबाट बालश्रमको संख्यामा निकै बृद्धि भएको देखिन्छ ।


## (ख) बालयौन दुर्व्यवहार र बलात्कार

यस चार महिनाको अवधिमा विभिन्न सञ्चार माध्यममा ७८ जना बालबालिका माथि बालयौन दुर्व्यवहार र बलात्कार भएका घटनाहरु प्रकाशमा आएका छन् ।

महिनाको आधारमा सबैभन्दा बढी ३१ जना बालबालिका फागुनमा पीडित भएका छन् । भने अन्य महिनाको तालिकामा तल प्रस्तुत गरिएको छ :


| महिना | प्रभावित संख्या |
|---|---|
| मंसिर | १० |
| पुस | १४ |
| माघ | २३ |
| फागुन | ३१ |
| **जम्मा** | **७८** |

यस अवधिमा ४ जना बालक बालयौन दुर्व्यवहारमा परेका छन् भने ७४ जना बालिका बलात्कारबाट पीडित भएका छन् । बालयौन दुर्व्यवहारमा परेका बालकहरुमध्ये काठमाडौंस्थित एक





होटलमा विगत लामो समयदेखि ३ जना सडक बालकलाई खान र पैसाको प्रलोभनमा पारी ६३ वर्षे जर्मन नागरिकबाट यौन दुराचारमा पर्दै आएका छन् भने १ जना बालक महोत्तरीमा गाउँकै युवाबाट पीडित हुँदै आइरहेको तर गाउँलेको मिलेमतोमा घटनालाई ढाक छोप गर्न खोजिएकोमा प्रहरीको स क्रियतामा घटना सार्वजनिक भएको देखिन्छ ।

बालिका बलात्कार भएका घटनामध्ये ८ प्रतिशत (६जना) बालिका सामूहिक बलात्कारमा परेका छन् । घटनालाई हेर्दा सामूहिक बलात्कारमा परेकी बालिका ३ जना म्यादी प्रहरीबाट समेत बलात्कृत भएको देखिन्छन् । बलात्कारका घटनाहरुलाई विश्लेषण गर्दासबैभन्दा बढी चिनजानको व्यक्तिबाट ४१ प्रतिशत (३० जना) बालिका बलात्कार भएका छन् । त्यसैगरी छिमेकीबाट २७ प्रतिशत (२० जना), आफ्नै बुबा तथा हाडनाताबाट १५ प्रतिशत (११ जना), फेसबुक तथा सामाजिक सञ्जाल मार्फत भएको चिनचानबाट ९ प्रतिशत (७ जना), शिक्षकबाट ४ प्रतिशत (३ जना) र म्यादी प्रहरी र सेनाबाट ४ प्रतिशत (३ जना) बालिका बलात्कार भएका छन् ।




बलात्कारमा संलग्न अभियुक्तमध्ये १७ प्रतिशत (१६ जना) बालकहरु नै भएको देखिन्छ भने बाँकी ८३ प्रतिशत (७६ जना) बयस्कबाट बालबालिका पीडित भएका छन् । ६ जना बालिकाको बलात्कार पछि हत्या गरिएकोमा २ जना बालिकाको हत्यामा भने २ जना बालकहरु नै संलग्न भएको देखिन्छ ।




बलात्कारबाट पीडित भएका बालिकाको उमेर समूहका आधारमा विश्लेषण गर्दा १० वर्ष वा सोभन्दा मुनीका ३१ प्रतिशत (२३ जना), ११ देखि १५ वर्षका ६२ प्रतिशत (४६ जना) र १६ देखि १८ वर्षका ७ प्रतिशत (५ जना) बालिका रहेका छन् । सबैभन्दा सानो सप्तरीकी २ वर्षको बालिका बलात्कृत भएको पाइन्छ भने १४ वर्ष उमेरका बालिकाहरु धेरै संख्यामा बलात्कारको शिकार भएको देखिन्छ ।

| उमेर समुहको आधारमा बलात्कारबाट पीडित बालिका संख्या | |
|---|---|
| १० वा सो भन्दावर्ष भन्दा मुनी | **२३** |
| ११ देखि १५ वर्षसम्म | **४६** |
| १६ देखि १८ वर्षसम्म | **५** |
| **जम्मा** | **७४** |


यस अवधिमा ३३ जिल्लामा भएका जम्मा घटनाहरुमध्ये जिल्लागत रुपमा बालबालिका बलात्कार भएका जिल्ला र संख्यालाई तलको तालिका देखाइएको छ ।

| जिल्ला | जिल्ला संख्या | जम्मा पीडित बालबालिका संख्या |
|---|---|---|
| ८ घटना भएका जिल्लाः काठमाडौं | **१** | **८** |
| ५ घटना भएका जिल्लाहरुः उदयपुर, बैतडी, महोत्तरी, | **३** | **१५** |
| ४ घटना भएका जिल्लाहरुः काभ्रे, भक्तपुर, ललितपुर | **३** | **१२** |
| ३ घटना भएका जिल्लाहरुः बाँके, झापा, सुनसरी, रुपन्देही, सप्तरी, कञ्चनपुर | **६** | **१८** |
| २ घटना भएका जिल्लाहरुः गुल्मि, पाँचथर, सिराहा, मकवानपुर, बाजुरा | **५** | **१०** |
| १ घटना भएका जिल्लाहरुः सर्लाही, धनुषा, अर्घाखाँची, सिन्धुपाल्चोक, नुवाकोट, खोटाङ, धादिङ, तेह्रथुम, ओखलढुंगा, हुम्ला, पर्सा, भोजपुर, रोल्पा, दाङ र रौतहट | **१५** | **१५** |
| **जम्मा** | **३३** | **७८** |

आ.व. २०७४/०७५ को प्रथम चार महिनाको अवधि (साउनदेखि कार्तिक) मा ४५ जना बालबालिका बालयौन दुर्व्यवहारबाट पीडित भएकोमा यस अवधि (मंसिरदेखि फागुन) मा ७८ जना बालबालिका प्रभावित भएका घटना प्रकाशमा आएका छन् । यसबाट बालबालिका विरुद्ध हुने गरेको घटनाहरुको संख्यामा बृद्धि हुँदै गइरहेको पाइन्छ।

**(ग) हत्या/मृत्युः**


यस चार महिनाको अवधिमा विभिन्न कारणले गर्दा ७८ जना बालबालिकाको मृत्यु भएको घटना प्रकाशमा आएका छन् । महिनाको आधारमा हेर्दा सबैभन्दा बढी पुस महिनामा २७ जना बालबालिकाको मृत्यु भएको देखिन्छ ।



साथै अन्य महिनाहरुमा माघ, फागुन र मंसिरमा क्रमशः २३ जना, २३ जना र ५ जना बालबालिकाको मृत्यु भएको छ ।

उक्त मृत्युका घटनालाई विश्लेषण गर्दा ८ प्रतिशत (६ जना) बालिकाको बलात्कार पछि हत्या गरिएको छ भने १३ प्रतिशत (१० जना) नवजात शिशुको हत्या गरिनुका साथै विभिन्न कारणले पानीमा डुबेर/सडक दुर्घटनामा परेर ७९ प्रतिशत (६२ जना) बालबालिकाको मृत्यु भएको पाइन्छ । मृत्यु भएका बालबालिकामध्ये १० जनाको शिशुहत्या गरिएको कारण खोतल्दा बुबा बैदेशिक रोजगारीको सिलसिलामा बाहिरिएको र आमाले अवैध सम्बन्धबाट जन्मेको शिशुलाई हत्या गरेको पाइएको छ । प्रायः यस्ता घटनाहरु ग्रामीण क्षेत्रको महिलाबाट भएको देखिन्छ । यसैगरी आ.व. २०७४/०७५ को प्रथम चार महिनाको अवधि (साउनदेखि कार्तिक) मा ९० जना बालबालिकाको हत्या तथा मृत्यु भएकोमा यस अवधि (मंसिरदेखि फागुन) मा ७८ जना बालबालिका प्रभावित भएका घटना प्रकाशमा आएका छन् ।

(**घ**) **बालविवाहः**




सूचना र प्रविधिको विकाससँगै पछिल्लो समय उमेर नपुग्दै विवाह गर्ने घटनाक्रममा केही परिवर्तन आएको देखिन्छ । नेपाल सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागू गरी सो सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

विभिन्न प्रयासहरु हुँदाहुँदै पनि बालविवाहका घटनाहरुमा कमी आएको देखिँदैन ।

यस चार महिनाको अवधिमा विभिन्न १४ वटा जिल्लाहरुमा ४० वटा बालविवाह भएका घटनाहरु प्रकाशमा आएका छन् । प्रकाशमा नआएका बालविवाहका घटनाहरु थुप्रै हुनसक्ने अनुमान गर्न सकिन्छ ।

बालविवाहका घटनाहरुको वर्गीकरण गर्दा बालक र बालिका दुबैले उमेर नपुग्दै विवाह गरेको घटना सबैभन्दा बढी पाइएको छ । जस अन्तर्गत ५० प्रतिशत विवाह (२० घटना) बालबालिकाबीच भएको देखिन्छ । त्यसैगरी बालिका र वयस्क पुरुषबीच ४५ प्रतिशत (१८ घटना) विवाह भएको छ भने ५ प्रतिशत (२ घटना) अनमेल (वृद्धसंग) विवाह भएको छ । बालविवाहका ३२ घटनामध्ये अभिभावकद्वारा ३५ प्रतिशत (१४ घटना)

र भागी विवाह ६५ प्रतिशत (२६ घटना) भएको छ । भागी विवाहका घटनालाई हेर्दा सामाजिक सञ्जाल र फेसबुक मार्फत उमेर नपुग्दै विवाह हुने गरेका घटनाहरु प्रकाशमा आउने गरेका छन् । जिल्लागत रुपमा हेर्दा बैतडी जिल्लामा सबैभन्दा बढी १२ वटा बालविवाह भएको घटना प्रकाशमा आएको छ भने अन्य जिल्लाहरुलाई तालिकामा प्रस्तुत गरिएको छ ।


| जिल्लाहरु | बालविवाह संख्या | जिल्लाहरु | बालविवाह संख्या |
|---|---|---|---|
| बैतडी | **१२** | झापा | **१** |
| बझाङ्ग | **७** | रोल्पा | **१** |
| अछाम | **३** | सिन्धुली | **१** |
| जाजरकोट | **३** | डोटी | **१** |
| मकवानपुर | **३** | सोलु | **१** |
| कालिकोट | **३** | दैलेख | **१** |
| स्याङ्गजा | **२** | **जम्मा** | **४०** |
| रुपन्देही | **१** | | |

नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालयका अनुसार आ.व. २०७३/०७४ मा बालविवाह घटनासम्बन्धी २६ वटा उजुरीहरु परेको देखिन्छ । तर उक्त अवधिमा सञ्चार माध्यममा भने ६६ वटा घटनाहरु प्रकाशमा आएका थिए । यसबाट कानूनी कारवाहीमा निकै कम मात्रै बालविवाहका घटना पर्ने गरेको देखिन्छ ।

आ.व. २०७४/०७५ को प्रथम चार महिनाको अवधि (साउनदेखि कार्तिक) मा ३२ बालविवाह भएकोमा यस अवधि (मंसिरदेखि फागुन) मा ४० बालविवाह भएका घटना प्रकाशमा आएका छन् । यसबाट बालविवाहको घटनामा बृद्धि हुँदै गइरहेको पाइन्छ ।

### (ङ) बालबालिकाको ओसारपसार तथा बेचबिखन

बालबालिकालाई विभिन्न प्रलोभनमा पारी ओसारपसार तथा बेचबिखन गर्ने घटना समाजमा रही रहेका छन् ।




यस अवधिमा यस्ता घटनाहरुबाट प्रभावित ३५ जना बालबालिकामध्ये ९४ प्रतिशत अर्थात ३३ जना बालबालिका (२४ जना बालिका र ९ जना बालक) चिनजानको व्यक्तिबाट छिमेकी मुलुकमा बेचबिखन गर्न भारततर्फ लैजाँदै गर्दा प्रहरीले प्रकाउ गरेको घटना प्रकाशमा आएको छ भने ६ प्रतिशत अर्थात २ जना बालक लागुऔषध ओसारपसारमा प्रयोग गरेको देखिन्छ । भारततर्फ

लैजादै गर्दा सीमानाकाबाट उद्दार गरिएका बालबालिकालाई नचाउने काममा प्रयोग गर्नका लागि लगिएको पाइएको छ ।

(**च**) **गर्भपतन**:

कानूनले लिङ्ग पहिचानको आधारमा गर्भपतन गराउने उद्देश्यले भ्रूणको लिङ्ग पहिचान गराएमा गर्ने, गराउने दुबैलाई ६ महिनादेखि २ वर्षसम्म कैदको व्यवस्था गरेको छ । यसैगरी लिङ्गको आधारमा गर्भपतन गर्ने, गराउने दुवैलाई एक वर्ष कैद तोकेको छ र पनि काठमाडौं लगायत विभिन्न जिल्लामा गर्भपतन गराउनेको संख्या बृद्धि हुँदै गएको पाइन्छ । अवैध सम्बन्ध, गलत सामाजिक मूल्य मान्यता, छोराको चाहना अनि प्रविधिको गलत प्रयोगका कारण गर्भपतन गर्नेको क्रम बढेको देखिन्छ । यस अवधिमा १८ वर्षमुनीको गर्भपतनसम्बन्धी ११ वटा घटनाहरु प्रकाशमा आएका छन् । जसमा १५ वर्षमुनीको ४ जना र १६ देखि १८ वर्षसम्मको ७ जना बालिकाले गर्भपतन गराएका छन् । गर्भपतन गराउनेमा कलेज पढने २ जना बालिका, उमेर नपुगी बच्चा जन्माउँदा हुने समस्याका कारण ४ जना र अन्य विविध कारणले गर्भपतन गराएको पाइएको छ । जिल्लागत रुपमा गर्भपतनका घटनाहरुलाई हेर्दा सबैभन्दा बढी इलाम जिल्लामा ४ वटा घटना देखिएका छन् भने अन्य जिल्लाहरुमा अछामा ३, काठमाडौंमा १ र सुर्खेतमा पनि १ घटना घटेको समाचार प्रकाशमा आएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंको आ.व. २०७३/०७४ को तथ्याङ्क अनुसार तीन हजार भन्दाबढी २० वर्षमुनीका किशोरीहरुले गर्भपतन गराएको पाइएको छ । उक्त तथ्याङ्कलाई हेर्दा किशोरावस्थामा हुने असुरक्षित गर्भपतनसम्बन्धी समस्या गम्भीर बन्दै गएको देखिन्छ ।

(छ) **कुपोषण**:

विभिन्न जिल्लामा कुपोषित बालबालिकाको संख्या बृद्धि भएको पाइएको छ । बालबालिकाको स्वास्थ्य परीक्षण गर्दा उनीहरु कुनै न कुनै किसिमको कुपोषणको शिकार भएको पाइन्छ । यस अवधिमा कुपोषणसम्बन्धी ९ वटा घटनाहरु प्रकाशमा आएका छन् । उक्त घटनाहरुमा महोत्तरी, सिराहा, बाग्लुङ, सुर्खेत र मकवानपुर जिल्लाहरु प्रभावित भएको देखिन्छ । कुपोषणबाट प्रभावित बालबालिका अन्तर्गत

७ जना बालक र २ जना बालिका रहेका छन् । कुपोषणबाट प्रभावित हुनेहरुमा ५ जनामा गम्भीर कुपोषण, २ जना पुडकोपन र २ जना सुत्केरी गर्भवती महिलाहरु रहेका छन् ।

स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य महाशाखाका अनुसार नेपालमा ५ वर्ष मुनीका बालबालिका करिब २७ लाख रहेका छन् । यो तथ्याङ्क अनुसार नेपालमा ५ वर्ष मुनीका ३६ प्रतिशत बालबालिकामा दीर्घकुपोषण तथा पुड्कोपनको समस्या देखिएको छ । प्रदेशगत आधारमा नेपालको बालबालिकामा दीर्घकुपोषण तथा पुड्कोपनको अवस्था हेर्ने हो भने सबैभन्दा धेरै प्रदेश नम्बर ६ को बालबालिकामा यो समस्या देखिएको छ । प्रदेश ६ मा ५४.५ प्रतिशत बालबालिकामा पुड्कोपन तथा दीर्घकुपोषणको समस्या रहेको छ । यस्तै सबैभन्दा कम दीर्घकुपोषणको समस्या भने प्रदेश ४ को बालबालिकामा रहेको छ । प्रदेश ४ का २८ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या देखिएको छ । यस्तै प्रदेश नम्बर २ मा ३७ प्रतिशत, प्रदेश नम्बर ३ मा २९.४ प्रतिशत, प्रदेश नम्बर ५ मा ३८.५ प्रतिशत, प्रदेश नम्बर ७ मा ३५.९ प्रतिशत बालबालिकमा दीर्घकुपोषण तथा पुड्कोपनको समस्या देखिएको छ । जस अन्तर्गत भूगोललाई आधार मान्ने हो भने हिमाली क्षेत्रका ४६ प्रतिशत बालबालिकामा दीर्घकुपोषणको समस्या देखिएको छ । यस्तै तराईको क्षेत्रमा ३६.७ प्रतिशत र पहाडको ३२.३ प्रतिशत बालबालिकामा दीर्घकुपोषणको समस्या रहेको छ । दीर्घकुपोषण भएका बालबालिकामा पनि ४९.२५ प्रतिशत निम्न वर्गका रहेका छन् । यस्तै निम्न मध्यम वर्गका ३८.७५ प्रतिशत, मध्यम वर्गका ३५.७५ प्रतिशत, उच्च मध्ययम वर्गका ३२.२ प्रतिशत रहेको छ भने उच्च वर्गको बालबालिका १६.५५ प्रतिशत रहेका छन् । शिक्षाको आधारमा हेर्ने हो भने उच्च शिक्षा प्राप्त गर्ने २२.७५ प्रतिशत बालबालिकामा दीर्घकुपोषण तथा पुड्कोपनको समस्या देखिन्छ । ३६.७ प्रतिशत माध्यामिक शिक्षा लिने र ४५.५ प्रतिशत अशिक्षित बालबालिका दीर्घकुपोषणबाट ग्रसित भएका छन् । शहरी क्षेत्रको ३२.२ प्रतिशत र ग्रामीण क्षेत्रको ४०.२ प्रतिशत बालबालिकालाई समस्या देखिएको छ । लैङ्गिक हिसाबले बालक ३५.७ प्रतिशत र बालिका ३६ प्रतिशत कुपोषणबाट ग्रसित भएको बालस्वास्थ्य महाशाखाले जनाएको छ ।

**(ज) शारीरिक सजाय**

विद्यालय तथा उच्च माध्यामिक विद्यालयहरुमा बालबालिकालाई विभिन्न खाले शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइन्छ । यस चार महिनाको अवधिमा विभिन्न सञ्चार माध्यममा ६ वटा शारीरिक सजायका घटनाहरु सार्वजनिक भएका छन्, उक्त सजायका घटनाहरुबाट बालिका बढी मात्रामा पीडित भएको पाइन्छ । जस अन्तर्गत ६७ प्रतिशत बालिका (४ जना) र ३३ प्रतिशत (२ जना) बालकले गम्भीर खालको सजाय पाएको देखिन्छ । शारीरिक सजाय दिनेहरुमा विद्यालय प्रधानाध्यापकदेखि गणित शिक्षक रहेका छन् । शारीरिक सजाय दिनुपर्ने कारणहरुमा पाँचथरमा १५ वर्षे बालिकाले हिसाब मिलाउन नसक्दा गणित शिक्षकबाट २७ भाटा खानु परेको छ भने प्रधानाध्यापकले बालकले छोटो कपाल काटेको कारण पिटेको, गोरखामा विद्यार्थी गयल भएको कारण पिटाई खाई अस्पताल भर्ना हुनु परेको घटना देखिन्छन् । त्यसैगरी बाँकेको ९ वर्षिया बालिकाले पेन्सिल तिर्खान नसक्दा शिक्षकले गम्भीर चोट लाग्ने गरी कुटेको समाचार प्रकाशमा आएको छ ।

**(झ) अपहरणः**

यस अवधिमा ४ जना बालबालिकाको अपहरण गरिएको घटनाहरु प्रकाशमा आएका छन् । अपहरण गरिएका ४ बालबालिकामध्ये १ जना ५ वर्षे बालकको अपहरणपछि हत्या गरिएको छ, अन्य २ जनाको अपहरण पश्चात मुक्त गरिएको छ भने १ जनाको अवस्था जानकारीमा आएको छैन । उमेर समूहका आधारमा विश्लेषण गर्दा सबैभन्दा सानो ५ वर्षको समेत गरी २ जना बालक १० वर्षमुनीका थिए भने ११ वर्षदेखि १४ वर्षका १ जना र सोभन्दा माथि १ जना रहेका छन् । अपहरण भएका सबै बालक रहेका छन् । अपहरण पछि हत्या गरिएको बालकका सन्दर्भमा कपिलवस्तुको घटना स्थानीय तहका वडा अध्यक्षसँगको रिसीइवीका कारण उनको छोराको हत्या भएको देखिन्छ ।